वीरगंज महानगरपालिका
ई-बुलेटिन

बर्ष १, अंक- ३१   २०७८ चैत २८ गते सोमबार/ नेपाल संवत् ११४१ /   Monday, April – 10, 2021 पृष्ठ ४

# वीरगञ्जले ल्यायो आवधिक नगर विकास योजना, के छ त यसमा ?








वीरगञ्ज महानगरपालिकाले आवधिक नगर विकास योजना तयार पारेको छ । " औद्योगिक व्यापारिक समृद्ध शहर, सुन्दर सभ्य वीरगञ्ज महानगर " भन्ने दीर्घकालिन सोच राखि प्रथम नगर विकास योजना (आर्थिक वर्ष २०७७/०७८(२०८१/०८२) तर्जुमा गरि प्रकाशनमा ल्याएको हो ।

आवधिक योजनाका लागि ३४ अर्ब ४१ करोड ५४ लाख १ हजार रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ । जसमा २१ अर्ब ९३ करोड ३९ लाख ८४ हजार रुपैयाँ स्रोत जुट्न सक्ने र १२ अर्ब ४८ करोड १४ लाख १७ हजार रुपैयाँ अपुग हुने उल्लेख गरिएको छ । नगर विकास योजनाले दीर्घकालिन राष्ट्रिय सोच "समृद्ध नेपाल, सुखी नेपाली" र प्रदेश २ को दीर्घकालिन सोच "उच्च मानव विकास र पहिचान( समृद्ध मधेश समाज" लाई समेत टेवा पुर्‍याउने वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगी बताउँछन् । यसको प्रभावकारी कार्यान्वयन मार्फत यस नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकासको क्षेत्रमा सुधार भई जनताको जीवनस्तरमा सुधार हुने अपेक्षा गरिएको उनले बताए । औद्योगिक उत्पादन, रोजगारी र आयमा दिगो वृद्धि भएको हुने, स्वस्थ, आत्मनिर्भर, शिक्षित र सुसंस्कृत जनशक्ति तयार हुने, सहरी भौतिक पूर्वाधार तथा संरचना निर्माणको कार्य व्यवस्थित, सुरक्षित, गुणस्तरीय र दिगो रुपमा हुने, शहर भित्र तथा शहर नजिकको क्षेत्र समेत समेटी जैविक विविधता, जमिन र जलश्रोतको दिगो उपयोग तथा व्यवस्थापन भएको हुने, सेवा प्रवाह, कार्य सम्पादन र जवाफदेहिताको स्तरमा बृद्धि, व्यावसायिक, अर्गानिक एवं प्रतिस्पर्धी कृषि उत्पादनमा वृद्धि, खेतीयोग्य भूमिमा वर्षै भरी भरपर्दो एवं व्यवस्थित तवरले सिंचाई सुविधा पुगेको, पशुजन्य वस्तुको उत्पादन औद्योगिक एवं व्यावसायिक स्तरमा सुधार आउने, सुन्दर, व्यवस्थित र आकर्षक पर्यटकीय पूर्वाधारको विकास, सबै नगरवासीमा बैंक तथा वित्तिय सेवाको सहज पहुँच पुगेको हुने अपेक्षा गरिएको छ ।

कार्यान्वयन पूर्व प्राथमिक तथा प्राविधिक शिक्षामा पहुँच तथा शिक्षाको गुणस्तरमा अभिवृद्धि, आधारभूत चिकित्सकिय स्वास्थ्य सेवामा सहज पहुँच तथा गुणस्तरीयता अभिवृद्धि, स्वच्छ खानेपानीको सहज उपलब्धता र पूर्ण सरसफाइ हासिल हुने , निर्णय प्रक्रियामा लक्षित वर्गको सहभागिता, सामाजिक मर्यादा र आत्मनर्भिरतामा अभिवृद्धि हुने, युवाका लागि खेलकुदमा व्यावसायिकता

बांकी तेश्रो पेजमा

# जीर्ण सडक बनाउन खोज्दा ठेकदार नै तगारो

वीरगञ्जको घण्टाघर र रजतजयन्तीदेखि मितेरीपुलसम्मको सडक जीर्ण छ। महानगरपालिकाले नबनाएको भनेर कतिपयले आरोप लगाउने गरेका छन् । जसरी नारायणी रंगशाला, नारायणी क्रिकेट मैदान र नारायणी अस्पताल वीरगञ्ज महानगरको क्षेत्रमा नभई संघ सरकारको मातहतमा पर्छ। त्यसैगरि त्रिभुवन राजपथ अर्न्तगत पर्ने वीरगञ्जको मुख्य सडक महानगरपालिकाको क्षेत्र भित्र पर्दैन, सडक विभागको क्षेत्र भित्र पर्छ। सडक विभागले नै त्यसको रेखदेख र मर्मत संभार गर्नुपर्ने हुन्छ।

वीरगञ्ज माईस्थानका अमृतलाल जोशी चिटिक्क परेर घरायसी समान किनमेल गर्न रक्सौल जान्छन् । तर मोटरसाइकलमा रक्सौल नपुग्दै उनको शरीर धुलोमैलोले छोपिसक्छ। घरबाट जाँदा लगाएको सेतो लुगा घर आइपुग्दा कालो हुन्छ ।

'देशको मुख्य प्रवेशद्वार भन्छन्, राजश्व पनि यहींबाट बढी उठाएर लैजान्छन्,' जोशी भन्छन्, 'हामी सर्वसाधारण हिउँदमा धुलो र बर्खामा हिलो खान बाध्य छौं । तीनै तहको सरकार मुकदर्शक मात्रै बनेर बसेको छ ।' वीरगञ्जदेखि मितेरी पुलसम्मको सडकको कारण दुःख पाउने उनी एक्ला होइनन्। वीरगञ्ज(रक्सौल नाका ओहोर( दोहोर गर्ने हरेकले धुले सडकका कारण

बांकी अन्तिम पेजमा

# नगर प्रमुख सरावगीद्वारा पीच सडक निर्माण कार्यको शिलान्यास



वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगीले पिच सडक निर्माण कार्यको शिलान्यास गरेका छन् । वीरगञ्ज महानगरपालिका वडा नं २७ र २८ मा पिच सडक निर्माण कार्यको शिलान्यास गरेका हुन् ।

वडा नम्बर २७ र २८ मा पर्ने दरदर्वा नहरदेखि फन्टी खोलासम्म र उदयपुरघुर्मिमा ब्रम्हदेव यादवको घरदेखि नहरसम्मको सडक पीच हुँदैछ । सडक निर्माणको जिम्मा श्री विकास एण्ड ब्रदर्श कन्सट्रक्सन प्रा.लिले लिएको छ । कम्पनीले ४ करोड ०७ लाख ६१ हजार ३ सय ६१ रुपैयाँ ४६ पैसामा सडक निर्माण गर्ने जिम्मा लिएको नगर प्रमुखका स्वकीय सचिव पिन्टु उपाध्यायले जानकारी दिए । महानगरसँग जोडिएका ग्रामीण वडाहरुमा यातायतको सुविधा र आवत जावतमा कठिनाई नहोस भन्ने उद्देश्यका साथ ग्रामिण क्षेत्रमा सडक निर्माणलाई प्राथमिकता दिएर काम अघि बढाएको नगर प ्रमुख सरावगीले बताए ।

## वीरगञ्ज महानगरपालिकाद्वारा जनहितमा जारी सन्देश

यस महानगरपालिका अन्तर्गत आर्थिक वर्ष ०७८/०७९ मा तिनुपर्ने एकिकृत सम्पति कर तथा व्यवसाय नविकरण गर्दा यही चैत्र मसान्तसम्म ५ प्रतिशत छुट प्रदान गरिएको सम्पूर्ण करदाताहरुलाई सूचित गरिन्छ ।

वीरगंज महानगरपालिका
"औद्योगिक तथा व्यापारिक शहर सुसंस्कृत, सभ्य हाम्रो वीरगंज महानगर"

वीरगञ्ज महानगरपालिका
नगर कार्यापालिकाको कार्यालय
वीरगञ्ज ,पर्सा



**सूचना । सूचना ।। सूचना ।।।**

वीरगंजमादर्ता भई नियमित रुपमाप्रसारण तथाप्रकाशनमा रहेकारेडियो, टेलिभिजन, पत्रपत्रिकातथाअनलाईन (डिजिटल पत्रिका) लाई आ.ब.२०७९/०८० मावीरगंजमहानगरपालिकाले लोक कल्याणकारी विज्ञापनका लागियो सूचनाप्रकाशितभएको मितिले तीस (३०) दिनभित्र (मिति २०७९बैशाख २० गतेभित्रमा सूचिकृत हुनतोकिएअनुसारकोविवरण सहितरेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाईन (डिजिटल पत्रिका) महानगरपालिकाको प्रकाशन, प्रसारण तथा सूचनाशाखामा सूचिकृत हुन यो सूचनाप्रकाशन, प्रसारणगरिएको छ । लोककल्याणकारी विज्ञापनमा सहभागीहुनचाहने आम सञ्चार माध्यमहरुले महानगरपालिकाको वेवसाईट www.birgunjmun.gov.np वा महानगरपालिकाको प्रकाशन, प्रसारण तथा सूचनाशाखाबाट फारम उपलब्धगर्न सकिनेछ ।

***लोक कल्याण्कारी विज्ञापन प्राप्तगर्नको लागि देहायकाकागजातहरु पेशगर्नुपर्नेछ ।***

(क) नेपालको संविधान र प्रचलितकानुनको पालना गरेको प्रमाणपत्र,
(ख) प्रत्येकवर्ष नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी(१ प्रति (संस्था, सहकारी वाकम्पनीमादर्ता भएकाको हकमा)
(ग) आयकर PAN/VAT को प्रतिलिपी (१ प्रति
(घ) कर चुक्ताप्रमाणपत्रको प्रतिलिपी(१ प्रति(आ.ब.२०७७, ०७८सम्मको)
(ङ)आ.ब.२०७७,०७८ को लेखा परीक्षण प्रतिवेदन(१ प्रति
(च) ३६५ दिनमाकम्तिमापनि ३०० दिन प्रसारण वाप्रकाशनभएको,
(छ) सम्बन्धित छापाखानाबाटनियमितप्रकाशनभएको भनी पठाएको सिफारिस पत्र ।
(ज) बी.म.न.पाको राजश्व शाखाबाट सूचिकृतकालागिहालसालैतिरेको दस्तुरको सक्कल रसिद,आदि।

(**नोट** : बिगतमा सूचिकृत भैसकेकाआम सञ्चार माध्यमको हकमामाथिउल्लेखितबुदाँ नं क र ग बाहेकका अन्य कागजातहरु पेशगर्नुपर्नेछ)

वीरगञ्ज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आदर्शनगर, वीरगञ्ज ।

## सम्पादकीय



# सुरक्षित मातृत्वका लागि सहकार्य गरौं

जीवनको आरम्भ जन्मबाट हुन्छ । शरीरमा प्राण भर्ने शक्ति आमामा मात्र हुन्छ । आफ्नो प्राणलाई समेत जोखिममा राखेर आमाले सन्तानको जन्म दिन्छिन् । सन्तानलाई चरित्रवान्, गुणवान् तथा नैतिक बनाउन सर्वाधिक योगदान आमाको हुन्छ । आमाको त्याग, तपस्या तथा मायाको तुलनामा पृथ्वीमा अर्को उदाहरण पाइन्न । फ्रान्सका शासक नेपोलियन बोनापार्टले आमाहरुको प्रेरणालाई सफलताको सबैभन्दा ठूलो शस्त्र मानेका छन् । "मलाई असल आमाहरु दिनुस् म तपाईहरुलाई महान् राज्य दिनेछु ।" उनले भनेका थिए । यति महत्त्वपूर्ण भए पनि नारीले आमा बन्दा निकै कष्ट बेहोर्नुपर्छ । कतिपय आमाले सुत्केरी हुँदा स्वास्थ्य संस्थाको मुख समेत देख्न पाउँदैनन् । वीरगञ्ज महानगरमा त स्वास्थ्य संस्था नपुग्ने भनेको नचाहेर मात्रै हो । चेतना स्तर कमजोर भएका मानिसहरु मात्रै स्वास्थ्य संस्थामा सुत्केरी गराउँदैनन् । किनकी उनीहरुलाई घरमै सुत्केरी गराउँदा हुने जोखिमको बारेमा जानकारी छैन । जो स्वास्थ्य संस्थामा पुगेका छन् । उनीहरुले पनि सेवा प्रदायकको रुखो व्यवहार तथा अनादर पूर्ण बोली बचनबाट मर्माहत हुनुपर्छ । जन्मदिन, पास्नी, न्वारान, ब्रतवन्ध, विवाहजस्ता अनेक सामाजिक रीतिरिवाज हामी उल्लासका साथ गर्छौं । सृष्टिकर्ता नारीले शिशु जन्माएको अवसर दुनियाँमा सबैभन्दा महान क्षण हो । अति विशिष्ट तथा गौरवमय अवसर कहिलेकाँही आमाका लागि काल बनिदिन्छ । सानो लापरबाहीले आमा र बच्चा दुवैको ज्यान पनि जान सक्छ । गर्भवती तथा सुत्केरी अवस्थालाई जोखिमपूर्ण अवस्थामा रुपमा हेरी विशेष स्याहार गर्नुपर्छ । आमा तथा शिशुको स्वास्थ्य राम्रो बनाउन, मातृशिशु मृत्युदरमा कमी ल्याउन गर्भवतीलाई स्वास्थ्य संस्थामा गई सुत्केरी हुन प्रेरित गर्नुपर्छ । नेपालमा सुरक्षित मातृत्व कार्यक्रम सन् २००५ देखि नै लागु छ । सुरक्षित मातृत्व कार्यक्रमले आमा तथा बच्चाको शारीरिक सुरक्षालाई मात्र ध्यान दिएको पाइन्छ । बच्चा जन्मने क्रममा महिलाको सामाजिक, सांस्कृतिक तथा भावनात्मक पक्षमा समेत महत्वपूर्ण प्रभाव परेको हुन्छ । स्वास्थ्य संस्थामा गर्भवतीले सम्मानजनक व्यवहार पाउन नसके महिलाले घरैमा बच्चा जन्माउन खोज्छन् । सुरक्षित मातृत्वका सन्दर्भलाई फराकिलो पार्दै, शारीरिक पक्षको ख्यालको साथसाथ उनको भावनात्मक र संवेदनात्मक पक्षलाई समेत समेटी विश्वव्यापी महिला प्रजननसम्बन्धी अधिकारको उपभोग गर्न पाउने वातावरण महिलाले पाउनुपर्छ । वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगीले सुरक्षित मातृत्वका लागि लगानी गर्न तयार रहेको बताएका छन् । यो सकारात्मक पक्ष हो । जनताको घरदैलोको सरकार भएकोले आमा र बच्चाको स्वास्थ्यका लागि लगानी गर्नुपर्छ भन्ने उनको भनाईलाई सकारात्मक रुपमा लिनुपर्छ । यसबाट उनी बजेट विनियोजन गर्दा प्रजनन स्वास्थ्यलाई प्राथमिकतामा राख्न तत्पर छन भन्ने बुझ्न सकिन्छ । स्वास्थ्यकर्मीहरुले सुरक्षित मातृत्वको सवालमा के कस्ता कमी कमजोरी महानगरमा विद्यमान छन ? ती कमी कमजोरी हटाउन के कस्तो योजना आवश्यक पर्छ बनाउनुपर्छ । नगर प्रमुखसमक्ष पेश गरेर कसरी अघि बढाउन सकिन्छ भनेर छलफल गर्नुपर्छ ।वीरगञ्ज महानगरपालिकामा पहिलेदेखि नै दुईवटा वर्थिङ सेन्टर सञ्चालनमा छ । पाँच वटा वर्थिङ सेन्टरको भवन बनिरहेको छ । नगर क्षेत्रमा थुप्रै विशेषज्ञ सेवा सहितको अस्पताल भएपनि ग्रामिण क्षेत्रमा छैन । महानगरले स्वास्थ्य संस्थामा प्रसुती गराउन प्रोत्साहित गर्ने उद्देश्यले वर्थिङ सेन्टर निर्माण कार्य अघि बढाएको हो । शल्य क्रिया गर्नु नपर्ने सामान्य प्रसुती सेवा गाउँघरमै हुन सकेको खण्डमा नगरका महिलाले लाभ लिन सक्छन् । महानगरले बजेट विनियोजन गर्दा प्रजनन स्वास्थ्यलाई प्राथमिकतामा राख्न सरोकारवाला पक्षको दवाव पनि आवश्यक छ । वर्थिङ सेन्टर स्थापना भएर मात्रै हुँदैन । आवश्यक जनशक्ति, उपकरण र औषधिको व्यवस्था हुनुपर्छ । परिवार नियोजन साधन उपलब्ध गराउन, प्रशव पूर्व र सुत्केरी स्याहार, स्वास्थ्य संस्थामा सुत्केरी गराउने कुरामा स्थानीय सरकारले नागरिकलाई प्रोत्साहित गर्न कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक छ । जनप्रतिनीधिले प्राथमिकता नदिएको भनेर गुनासो गर्नुको साटो शाखाका कर्मचारीहरुले उनीहरुलाई विषयको गम्भिरता बुझाउन सक्नुपर्छ । जनप्रतिनीधिले पनि सुरक्षित मातृत्वलाई प्राथमिकतामा राखेर काम गर्नुपर्छ ।

# स्थानीय तहमा उद्योग व्यवस्थापन

**संवैधानिक व्यवस्था**

नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा १७ मा स्वतन्त्रताको हक अन्तर्गत नेपालको कुनै पनि भागमा पेसा, रोजगार गर्ने र उद्योग व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रताको व्यवस्था गरिएको छ र धारा २५ मा सम्पत्तिको हक अन्तर्गत प्रत्येक नागरिकलाई व्यावसायिक लाभ प्राप्त गर्ने हक सुनिश्चित गरेको छ । त्यस्तै धारा ४४ मा उपभोक्ताको हक अन्तर्गत प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने र गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हकलाई समेत प्रत्याभूति गरेको छ ।

त्यसैगरी धारा ५० मा राज्यको निर्देशक सिद्धान्त अन्तर्गत सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम् परिचालनबाट तीब्र र दिगो आर्थिक विकास हासिल गर्दै राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुने विषयमा उल्लेख छ । नेपालको संविधानको धारा ५१ मा राज्यले अवलम्बन गर्नुपर्ने राज्यका नीतिहरूको व्यवस्था गरिएको छ । सो धारा ५१ को 'घ' को बुँदा (६) मा तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु र सेवाको बजार विविधिकरण र विस्तार गर्ने भन्ने व्यवस्था छ ।

त्यसरी नै बुँदा 'घ' (८) मा राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने भन्ने पनि प्रावधान रहेको छ । साथै 'घ' (१२) मा गैरआवासीय नेपालीहरूको ज्ञान, सीप, प्रविधि र पुँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने र 'घ' १३ मा औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तर प्रदेश तथा प्रदेश र संघबीच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने भन्ने व्यवस्था समेत गरिएको छ ।

त्यसैगरी धारा ५१ (झ) श्रम र रोजगार सम्बन्धी नीतिमा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउनले र स्वदेशमै रोजगारी अभिवृद्धि गर्दै श्रमिक र उद्यमी व्यवसायीबीच सु(सम्बन्ध कायम गर्ने नीति उल्लेख छ । संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूची अन्तर्गत व्यावसायिक कर उठाउने, स्थानीय बजार व्यवस्थापन गर्ने प्रावधान राखिएको छ ।

उल्लेखित संवैधानिक प्रावधानलाई हेर्दा उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु र सेवाको बजार विविधिकरण गर्ने, राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता साथै अन्तर प्रदेश तथा प्रदेश र संघबीच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने भन्ने व्यवस्था छ ।

उल्लिखित संवैधानिक व्यवस्थाले गाउँपालिका र नगरपालिकाले उक्त संवैधानिक व्यवस्थालाई मध्यनजर राखेर स्थानीय स्तरमा उद्योग व्यवसाय सञ्चालनमा टेवा पुऱ्याउनु पर्ने हुन्छ ।

**नीतिगत व्यवस्था**

**औद्योगिक नीति २०६७**

स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको परिचालन गरी सन्तुलित राष्ट्रिय तथा क्षेत्रीय विकासमा उद्योग क्षेत्रको योगदान बढाउने तथा नविनतम् प्रविधि एवम् वातावरणमैत्री उत्पादन प्रक्रियालाई प्रयोग गरी उद्योग व्यवसायलाई दिगो एवम् भरपर्दो क्षेत्रको रूपमा स्थापित गर्ने भन्ने औद्योगिक नीति, २०६७ को उद्देश्य समेत रहेको छ । साथै नीतिमा स्थानीय स्रोत र कच्चा पदार्थ, सीप, श्रम र प्रविधिको उपयोग गर्ने उद्योगको प्रवर्द्धन गर्न विशेष जोड दिइने, स्वरोजगारीको अवसर सृजना गर्न उद्योग व्यवसायमा सिर्जनसिल युवा प्रतिभालाई आकर्षित गर्न औद्योगिक सीप, उद्यमशीलता विकास तथा कुशल औद्योगिक व्यवस्थापनका लागि क्षमता अभिवृद्धिका क्रियाकलापलाई अभियानका रूपमा सञ्चालन गरिने, निजी तथा सहकारी क्षेत्र समेतको सहभागितामा लगानी

**प्रवर्द्धन कोष, प्रविधि विकास**

कोष, लघु घरेलु तथा साना उद्योग विकास कोष, रुग्ण उद्योग पुनरुत्थान कोष र गैह्र व्यावसायिक र गैरव्यापारिक जोखिम (Non-Business and NonCommercial Risk) को क्षतिपूर्ति (Compensation) दिन औद्योगिक लगानी संरक्षण कोष (Industrial Investment Protection Fund) को स्थापना तथा सञ्चालन गरिने, लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, विकास र विस्तारलाई टेवा पुग्ने आवश्यक कानूनी व्यवस्था गर्दै संस्थागत संरचना तथा पूर्वाधारहरूको निर्माण गरिने, लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी बजार पहुँच तथा विस्तारका लागि सक्षम बनाउन हाल रहेको लघु उद्यम, घरेलु तथा साना उद्योग विकास कोषको सेवालाई विस्तार गरी प्रभावकारी बनाइनेछ जस्ता विषयहरू रहेका छन् ।साथै लघु उद्यम, घरेलु तथा साना उद्योगहरूको स्थापना तथा प्रवर्द्धन गर्दा नेपाल सरकारले तोकेको लक्षित समूहलाई विशेष प्राथमिकता दिदै उत्प्रेरणा तथा उद्यमशीलता विकास तालिमको माध्यमबाट लक्षित समूहमा स्रोत(साधनको सम्भाव्यता र बजारको मागमा आधारित उपयुक्त उद्यमहरूको छनौट गरी त्यस्ता उद्यम सञ्चालन गर्ने क्षमताको विकास गरिने, ग्रामीण क्षेत्रका उत्पादनमूलक उद्योगहरूलाई व्यवसाय विकास सेवा (Business Development Service) पुऱ्याउन सामुदायिक वा सहकारी लघु उद्यम, घरेलु तथा साना उद्योगग्राम स्थापना गरी औद्योगिक केन्द्रहरू (Industrial Clusters) को विकास गरिने, एक गाउँ एक उत्पादन (One Village One Product) को अवधारणा अनुसार स्थानीयस्तरमा सबै भन्दा बढी सम्भाव्य देखिएका स्रोत र साधनको पहिचान गरी त्यसमा आधारित औद्योगिक वस्तुको उत्पादनलाई प्रवर्द्धन गर्न वस्तु विकास केन्द्र (Product Development Centres) हरू स्थापना गर्दै थप समूहगत औद्योगिक केन्द्रहरू (Product Specific Industrial Clusters) को माध्यमबाट औद्योगिक प्रवर्द्धनलाई प्राथमिकता दिइने, लघु उद्यम, घरेलु तथा साना उद्योग ग्राम स्थापना गर्न औद्योगिक पूर्वाधार विकास गर्ने कार्यमा अग्रसरता देखाउने स्थानीय निकायलाई खर्चको अनुपातमा अनुदान रकम वृद्धि गर्ने व्यवस्था मिलाइने र ग्रामीण क्षेत्रमा कृषि, गैर काष्ठ वनजन्य पदार्थमा आधारित वस्तु, पशुपालन, दूग्ध उद्योग, पंक्षीपालन, फलफूल तथा जडिबुटीमा आधारित उद्योगलाई प्रविधि, बजार, सीप र अनुसन्धानमा सहयोग पुऱ्याउने कार्यक्रम सञ्चालन गर्ने नीति समेत रहेका छन् ।

**लघु उद्यम, घरेलु तथा साना उद्योगसम्बन्धी विशेष रणनीतिको व्यवस्था**

लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, विकास र विस्तारको कार्यक्रम सञ्चालन गर्दा सामाजिक परिचालन समेतको माध्यमबाट गर्ने गरी प्राथमिकताको आधारमा स्थान र लक्षित समूहको पहिचान गरिने, लघु तथा घरेलु उद्यमीहरूलाई सम्भव भएसम्म समूहमा आवद्ध गरी उद्यमशीलता तथा सीप विकास तालीम, उपयुक्त प्रविधिको छनौट, उत्पादन व्यवस्थापन, पुँजीमा पहुँच र बजार व्यवस्थापनमा समेत सहयोग पुऱ्याउन एकीकृत व्यवसाय विकास सेवा प्रदान गर्ने व्यवस्था मिलाइने, लघु उद्यम, घरेलु तथा साना उद्योगहरूलाई लघु घरेलु तथा साना उद्योग विकास कोष, ग्रामीण स्वावलम्वन कोष, भ्त्रगष्तथ ँगलम, ऋचभमष्त न्गबचबलतभभ ँगलम लगायत विभिन्न कोषहरू मार्फत वित्तीय पहुँचको व्यवस्था गरिने, सामुदायिक वा सहकारी लघु उद्यम, घरेलु तथा साना

उद्योगग्रामहरूमा रहेका उद्योगहरूबाट उत्पादित हुने वस्तुहरूको छुट्टै पहिचानका लागि सामुहिक चिह्न (कलेक्टिभ मार्क दर्ता गराई यसको प्रयोगबाट बजार प्रवर्द्धन गर्न सहयोग पुऱ्याइने, लघु उद्यम, घरेलु तथा साना

बांकी तेश्रो पेजमा

# 'तपाईको स्वास्थ्य, हाम्रो अठोट' स्वास्थ्य बीमा कार्यक्रम बारे जानकारी

*स्वास्थ्य बीमा कार्यक्रममा सहभागी भई आफ्नो र परिवारको उपचारका लागि ढुक्क बनौं ।*

**स्वास्थ्य बीमा कार्यक्रमको परिचय**

स्वास्थ्य बीमा भन्नाले स्वास्थ्य सेवाको खर्चलाई कम गर्ने, स्वास्थ्य समस्याको कारणले हुने सक्ने आर्थिक जोखिमलाई न्युनीकरण गर्ने संयन्त्रलाई बुझाउँछ ।

सबैलाई स्वास्थ्य सेवा उपलब्ध गराउन, स्वास्थ्य सेवा उपयोगको क्रममा अनियोजित रुपमा भईरहेको व्यक्तिगत खर्चलाई व्यवस्थित गर्दै उपलब्ध स्रोतको प्रभावकारी व्यवस्थापनका लागि स्वास्थ्य बीमा कार्यक्रम नेपाल सरकारले सञ्चालन गरेको हो ।

स्वास्थ्य बीमा किन गर्ने ?

स्वास्थ्य बीमा कार्यक्रम बिरामी भएको बेलामा उपचारमा हुन सक्ने ठलो खर्च धान्न कठिन नहोस भनेर पहिले नै योगदान रकम मार्फत जोखिम व्यवस्थापन गरिएको हुन्छ । त्यसैले भविष्यमा स्वास्थ्य समस्याबाट हुन सक्ने अनियोजित खर्चको जोखिमलाई अग्रिम व्यवस्थापन गरी वित्तिय संरक्षण प्रदान गर्दछ । स्वास्थ्य सेवा उपयोगको क्रममा अनियोजित रुपमा भईरहेको व्यक्तिगत खर्चलाई कम र व्यवस्थित गर्न स्वास्थ्य बीमा गर्नुपर्दछ ।

स्वास्थ्य बीमा नगरे के हुन्छ ?

स्वास्थ्य बीमा नगरे स्वास्थ्य उपयोगको क्रमम हुने सम्पर्ण खर्च व्यक्ति/परिवार आफैंले व्यहोर्नुपर्ने हुन्छ ।

स्वास्थ्य बीमा कार्यक्रममा को को सहभागी हुन सक्दछन् ?

यो कार्यक्रम सबै नागरिकका लागि हो । हाल लागु भएको जिल्लामा सम्पर्ण नागरिक तथा सो जिल्लामा ६ महिना भन्दा बढी अस्थायी बसोबास गरेका नागरिकहरुले कार्यक्रममा सहभागी हुन सक्दछन् ।

**यस कार्यक्रममा सहभागी हुन के गर्नुपर्दछ ?**

यस कार्यक्रममा सहभागी हुन ५ जनासम्मको परिवारले बार्षिक रुपमा प्रति परिवार रु ३ हजार ५ सय योगदान रकम तिर्नुपर्दछ । ५ जनाभन्दा बढी सदस्य भए प्रति सदस्य रु ७ सय रुपैयाँका दरले थप योगदान रहक तिर्नुपर्दछ । तर परिवारमा ५ जनाभन्दा कम सदस्य भएइपनि तिर्नुपर्ने योगदान रकम घट्दैन । सदस्यता दर्ता हुने समयमा एकमुष्ट रकम तिर्नुपर्छ ( किस्तामा तिर्न पाँईदैन )।

लक्षित वर्गलाई योगदान रकममा छुटको व्यवस्था

अति गरिब, एचआइभी संक्रमित, कुष्ठरोगी, एम.डी.आर.टी.बी, अति अशक्त अपांगता भएका परिवारलाई योगदान रकममा सतप्रतिशत छुटको व्यवस्था रहेको छ । महिला स्वास्थ्य स्वयंसेविकाको परिवारलाई योगदान रकममा ५० प्रतिशत छुटको व्यवस्था रहेको छ । ७० वर्ष उमेर पुरा भएका जेष्ठ नागरिकको हकमा योगदान रकमको हकमा पर्ण छुटको व्यवस्था छ । साथै जेष्ठ नागरिकले स्वास्थ्य बीमाबाट १ लाखसम्मको उपचार सेवा पाउने व्यवस्था छ ।

स्वास्थ्य बीमा कार्यक्रममा कस्ता कस्ता सेवाहरु पाइन्छन् ?

बहिरंग सेवा (ओपीडी सेवा),

आकस्मिक (इमरजेन्सी ) सेवा,

अन्तरंग सेवा (अस्पतचाल भर्ना भई लिईने सेवा) यस्तो सेवा लिँदा क्याबिनको सुविधा भने उपलब्ध हुने छैन ।

निदानात्मक सेवा (एक्स रे, इसिजी, अल्टासाउण्ड, एमआरआई, सिटी स्क्यान, रगतको जाँच आदि )

सुचीकृत औषधिहरु

शल्यक्रिया (विभिन्न साना तथा ठला शल्यक्रियाहरु एपेन्डिक्स अपरेसन, पत्थरी अपरेसन आदि)

तोके बमोजिम मल्यको चस्मा, श्रवणयन्त्र, सेतो छडी, बैशाखी आदि ।

नोटः ५ जनासम्मको परिवारलाई स्वास्थ्यबीमा मार्फत एक लाखसम्म मात्रको सुविधा पाईनेछ ।

**सहभागी हुनलाई कहाँ जानुपर्छ ?**

स्वास्थ्य बीमा कार्यक्रमको सदस्यता दर्ता गर्नका लागि स्थानीय तहको प्रत्येक वडाबाट एक(एक जनाको दरले दर्ता सहयोगी नियुक्त गरिएको हुन्छन् । उनीहरुले समुदायमा गई स्वास्थ्य बीमा कार्यक्रमको बारेमा जानकारी दिने गर्छन् । निजहरुबाट मात्र स्वास्थ्य बीमा कार्यक्रमको सदस्यता वितरण हुने गर्दछ । त्यसैले दर्ता गर्नका लागि आफ कही

बांकी तेश्रो पेजमा

"करमा प्राप्त छुटको फाईदा उठाई समयमै कर तिरौं, जरिवानाबाट बचौं" "बीरगञ्ज नगरलाई समृद्ध बनाऔं"

## स्थानीय....

उद्योगको विकासका लागि आवश्यक हुने पुँजी निर्माण गर्नको निमित्त त्यस्ता उद्यमीहरूलाई बचत गर्न प्रोत्साहित गरी बहुउद्देश्यीय सहकारीमा आबद्ध हुन उत्प्रेरित गरिने, लघु उद्यम, घरेलु तथा साना उद्योगहरूबाट उत्पादित वस्तु वा सेवाको बजार प्रवर्द्धन गरिने, मझौला तथा ठूला उद्योगहरूसँग पृष्ठ (Backward) र अग्र (Forward) अन्तरसम्बन्ध (Linkages) कायम गराई ठूला तथा मझौला उद्योगहरूले प्रयोग गर्ने सहायक वस्तुहरू उत्पादन गर्ने गरी लघु उद्यम, घरेलु तथा साना उद्योगहरूलाई सहायक उद्योग (AncliaLry Industries) को रूपमा विकास गरी उत्पादन गराउने व्यवस्था गरिने, लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धनका लागि सूचना प्रविधि (Information Technology) को उपयोग गर्न सहकारी तथा निजी क्षेत्र समेतको सहभागितामा विभिन्न तहमा सूचना प्रविधि केन्द्र (Information Technology Hub) हरू सञ्चालनमा ल्याइने, लघु उद्यम, घरेलु तथा साना उद्योगको उत्पादनको बिक्रीलाई प्रोत्साहन गर्न सरकारी तथा गैर सरकारी निकायहरूलाई यस्ता वस्तु खरिद गर्न प्रोत्साहित गरिने, कृषि, वन, पर्यटन र खानीमा आधारित लघु उद्यम, घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धन गर्न विद्यमान कृषि, वन, पर्यटन र खानी नीति तथा ऐनको अधिनमा रही कच्चा पदार्थ संकलन वा उत्खनन् तथा आपूर्ति व्यवस्थालाई सरलीकृत गरिनेछ भन्ने व्यवस्थाहरू ग्रिएको छ।

लघु उद्यम, घरेलु तथा साना उद्योगलाई प्रदान गरिने सेवा, सुविधा र सहुलियतहरू एउटै थलोबाट उपलब्ध गराइने, व्यवसाय सम्वर्द्धन सेवा - Business Incubation Service_ मार्फत लघु उद्यम, घरेलु तथा साना उद्योगहरूमा प्रतिभाशाली सृजनशील युवा र महिलालाई आकर्षित गर्न विशेष व्यवस्था गरिने, लघु उद्यमीहरूलाई एकीकृत रूपमा सेवा प्रदान गर्न र उनीहरूको उत्पादन तथा बजार सेवाका लागि आवश्यक हुने पूर्वाधारमा सहयोग पुऱ्याउन उपयुक्त स्थानहरूमा सामुदायिक/साझा सेवा केन्द्रहरू स्थापना गरिने, लघु, घरेलु तथा साना स्तरका महिला उद्यमीहरूलाई बैंकिङ्ग तथा सहकारी संस्थामार्फत सरल र सुलभ तरिकाबाट समूहगत ऋण प्रदान गर्ने व्यवस्था मिलाइने, लघु उद्यम व्यवसायहरूलाई अन्तःशुल्क तथा आयकर, मूल्य अभिवृद्धि कर लगायत कुनै पनि किसिमका करहरू लाग्ने छैन। घरेलु उद्योगहरूलाई लाग्ने अन्तःशुल्क र आयकर छुट दिइने, सबै प्रकारका परम्परागत तथा घरेलु उद्योगलाई आयकरमा ५० प्रतिशत छुट दिइने, उद्योगले आफ्नो उत्पादन वा उत्पादनमा प्रयोग गरेको कच्चा पदार्थ, सहायक कच्चा पदार्थ आदिमा तिरेको मु.अ.कर र अन्तःशुल्क उत्पादित वस्तु निकासी गरेको परिमाणको आधारमा फिर्ता दिइने, उद्योगले प्रयोग गर्ने मेशीन, औजार, उपकरण, यन्त्र एवं कच्चा पदार्थमा र उत्पादनमा कुनै कर, शुल्क वा दस्तुर नलाग्ने, लघु उद्यम, घरेलु तथा साना उद्योगहरूलाई वित्तीय पहुँच पुऱ्याउन विद्यमान वित्तीय संस्था ऐनमा व्यवस्था भए अनुरूपको विपन्न वर्गको ऋण सुविधा लगायत ऋण लगानीका लागि विशेष वातावरण तयार गरिनेछ।

यसका लागि वित्तीय संस्थाहरूलाई प्रोत्साहित गरिने, लघु उद्यम, घरेलु तथा साना उद्योग ग्राम र साझा सुविधा केन्द्रका स्थानीय उद्योगलाई सहकारीमा आवद्ध गराई वित्तीय पहुँचको व्यवस्था गरिनेछ भन्ने व्यवस्थाहरू यस नीतिमा गरिएको छ। क्रमश :

## 'तपाईको ..........

जानुपर्दैन, दर्ता सहयोगी तपाईकै घरमा आउनुहुन्छ। स्वास्थ्यबीमा कार्यक्रममा आवद्ध भएका परिवारका प्रत्येक सदस्यलाई अलग अलग परिचयपत्र वितरण गरिन्छ।

**कतिसम्म सुविधा पाईन्छ ?**

सुविधाको थैलीमो सीमा पाँच जनासम्म परिवारको हकमा वार्षिक १ लाख रहेको छ। पाँचजना भन्दा बढी परिवारको सदस्य भएमा प्रति थप सदस्य वापत २० हजारको सीमा बढ्दै जान्छ। यसको अधिकतम सीमा २ लाख रुपैयाँ रहेको छ। बिमित सदस्यहरुले वर्षमा १ पटक योगदान रकम बुझाएपछि क्रियाशिल भएपश्चात पैसा नतिरीकन (क्यासलेस प्रणाली) वर्षभरि सुविधा थैलीको सीमा अनुसार उपचार गर्ने पद्धति मिलाईएको छ। सदस्यता लिने वित्तिकै एकैपटक सबै सुविधा थैलीका सेवा लिन जानुपर्छ भन्ने हुँदैन।

स्वास्थ्य बीमामा उपलब्ध नहुने सेवाहरु स्वास्थ्य बीमा कार्यक्रमले सबै रोगको उपचार भने गर्दैन। निम्न स्वास्थ्य सेवाहरु बीमा कार्यक्रम कार्यक्रममा उपलब्ध हुँदैन।

**वार्षिक रुपमा तोकेभन्दा बढी मल्यको चश्मा, श्रवणयन्त्र, सेतो छडी र बैशाखी**

पोलिएको, गम्भीर चोटपटकको लागि गरिने उपचार, ओठ तालु काटिएकोमा गरिने सर्जरी बाहेकको प्लाष्टिक तथा कस्टमेटिक सर्जरी।

दाँत निकाल्ने तथा दाँतको सामान्य चोटपटकको प्राथमिक व्यवस्थापन बाहेकको दन्त उपचार

यी सेवाहरु कहाँ कहाँ उपलब्ध हुन्छ ?

बीमित सदस्यले स्वास्थ्य सेवा लिनका लागि प्रथम विन्दुको रुपमा बीमा बोर्डसँग सम्झौता गरेको नजिकको कुनैपनि सरकारी स्वास्थ्य संस्था रोज्न पाउने व्यवस्था गरिएको छ। नजिकको स्वास्थ्य संस्था प्राथमिक स्वास्थ्य केन्द्र वा सरकारी अस्पतालमध्ये जुन पनि हुन सक्छ। तर कार्यक्रममा सचीकृत भएको स्वास्थ्य संस्थालाई मात्रै स्वास्थ्य सेवा लिनका लागि प्रथम विन्दुको रुपमा रोज्न पाइन्छ। उपचारको लागि स्वास्थ्य संस्था जाँदा स्वास्थ्य बीमाको परिचयपत्र अनिवार्य लिई जानुपर्दछ।

स्थानीयस्तरका अस्पतालबाट सुविधा प्राप्त गरी थप सेवा आवश्यक परेमा स्वास्थ्य बीमामार्फत प्रेषणको व्यवस्था रहेको छ। यसैप्रक्रियाद्वारा विशिष्ट प्रकृतिको सेवा पाउन सकिन्छ। बीमित सदस्यले स्वास्थ्य सेवा सरकारी स्वास्थ्य संस्थाबाट प्राप्त गर्नुको साथै प्रेषण पुर्जासहित रिफर भई बमिा बोर्डसँग सम्झौता गरेका आधारमा निजी क्षेत्रका अस्पताल र शिक्षण अस्पतालबाट पनि सेवा पाउने व्यवस्था रहेको छ। साथै आकस्मिक बिरामी परेको अवस्थाको हकमा जुनसुकै सचीकृत स्वास्थ्य संस्थाबाट सेवा लिन सकिन्छ।

**के बीमामा सदस्यता दर्ता हुने वित्तिकै यी सेवा लिन पाइन्छ ?**

सेवा क्रियाशील हुने एउटा निश्चित चक्र तोकिएको हुन्छ। उक्त चक्र निम्न बमोजिम रहेको छ।

बैशाख, जेष्ठ र असारमा सदस्यता दर्ता गरेकाहरुको भदौ १ गतेबाट सेवा शुरु हुन्छ भने अर्को वर्षको साउन मसान्तमा सेवा समाप्त हुन्छ।

साउन भदौ र असोजमा सदस्यता दर्ता गरेकाहरुको मंसिर १ गतेबाट सेवा शुरु हुन्छ भने अर्को वर्षको कात्तिक मसान्तसम्म सेवा लिन सकिन्छ।

कात्तिक, मंसिर र पुषमा सदस्यता लिएकाहरुको सेवा फागुन १ गतेबाट शुरु हुन्छ, उनीहरुको सेवा अवधि अर्को वर्षको माघ महिनासम्म रहन्छ।

माघ, फागुन र चैत्रमा सदस्यता लिएकाहरुको सेवा जेष्ठ १ गतेबाट शुरु हुन्छ। अर्को बैशाख मसान्तसम्म सेवा लिन सकिन्छ।

नोट : स्वास्थ्य बीमाबाट निरन्तर सेवा लिनका लागि हरेक वर्ष नविकरण गर्नुपर्दछ। यसका लागि सुरुमा जुन चत्रममा सदस्यता दर्ता भएको हो, सोही चक्रमा नविकरण गर्नुपर्छ।

यदि सेवा नलिएमा योगदान रकम फिर्ता हुन्छ ?

यो योगदान रकम पिरिवारको सामुहिक स्वास्थ्य सुरक्षाका लागि तिरिएको हो। तसर्थ सेवा नलिएमा योगदान रकम फिर्ता हुँदैन। सेवाको निरन्तरताका लागि अर्को वर्ष पन: योगदान रकम तिर्नुपर्छ।

बीमा सदस्यता दर्ता गरेपछि नविकरण गर्नुपर्छ कि पर्दैन ?

कार्यक्रमको सदस्यता वार्षिक रुपमा दर्ता सहयोगीमार्फत नविकरण गर्नुपर्दछ। स्वास्थ्य बीमा कार्यक्रमको सदस्यता लिएपछि सेवा क्रियाशील भएको मितिदेखि लागु हुनेगरि एक वर्षका लागि मात्र बीमा अवधि क्रियाशील रहन्छ। उक्त अवधिमा मात्र स्वास्थ्य बीमा सेवा उपयोग गर्न पाइनेछ। दर्ता भएको एकवर्षपछि पन: सदस्य वापतको योगदान रकम बुझाई सदस्यता दर्ता चक्रअनुसार नवीकरण गर्नुपर्दछ।

**थप जानकारीका लागि**

स्वास्थ्य बीमा बारे जानकारी लिनका साथै गुनासो राख्नका लागि धधधा।जष्द।नयख।लउ मा लग ईन गर्नुपर्छ। अथवा स्वास्थ्य बीमा बोर्डको प्रदेश तथा केन्द्रिय कार्यालयमा फोन गरेर वा पैसा नलाग्ने फोन नम्बर १६६( ०१(११२२४ मा सिधै सम्पर्क गरेर जानकारी लिन सकिन्छ। स्थानीय स्तरमा दर्ता अधिकारी तथा आफ्नो वडाका दर्ता सहयोगीमार्फत पनि स्वास्थ्य बीमा सम्बन्धी जानकारी लिन सकिन्छ।

## वीरगञ्जले......

तथा रोजगारीमा आत्मनिर्भरताका लागि पर्याप्त अवसर सृजना भएको हुनेछ हुने, भोजपुरी भाषा लगायत अन्य भाषा, कला तथा संस्कृतीको संरक्षण तथा सम्बर्द्धन भएको हुने दावी गरिएको छ।

सबै वडाहरूका वस्तीहरूमा यातायातका साधनहरू नियमित भई आवागमन सहज हुने, गरिब तथा पछाडी परेका वर्गका लागि शुलभ, व्यवस्थित तथा सुरक्षित आवासको सविधा उपलब्ध हुने, स्वच्छ ऊर्जाको उपलब्धता र उपयोगमा विस्तार हुने, आधुनिक सूचना तथा संचार प्रविधिको पहुँचमा अभिवृद्धि भईसक्ने, वन क्षेत्रको उचित व्यवस्थापन र उत्पादन तथा उत्पादकत्व वृद्धि हुने, भू तथा जलाधार क्षेत्रको संरक्षण र बाढीको प्रकोप न्यून, जलवायु परिवर्तनको असर तथा विपद जोखिम न्यूनीकरण, सेवा प्रवाह तथा कार्यसम्पादन प्रक्रिया स्पष्ट, सहज, पारदर्शी सहभागितामूलक, नगर कार्यपालिका र विषयगत निकायको संगठन विकास र व यवस्थापन क्षमतामा अभिवृद्धि, आन्तरिक राजश्व संकलन तथा वाह्य श्रोत परिचालन क्षमतामा अभिवृद्धि, सहभागितामूलक तरिकाबाट आयोजनाहरुको नतिजामुखी अनुगमन तथा मुल्यांकन हुने अपेक्षा गरिएको छ।

**नगर विकासका प्राथमिकता**

आवधिक नगर विकास योजनामा महानगरको प्राथमिकताको क्षेत्र तोकिएको छ।

१. उद्योग, ब्यापार, व्यवसाय र रोजगार प्रवर्द्धन

२. पर्याप्त सिंचाईको व्यवस्था सहितको आधुनिक कृषि प्रणाली, उन्नत पशुपालन तथा तथा

प्रभावकारी बजारीकरण

३. गरीब, विपन्न तथा पछाडी परको वर्गका लागि आधारभूत शिक्षा, भरपर्दो स्वास्थ्य र रोजगारीको **ब्यवस्था**

४. स्वच्छ खानेपानी, ढल निकास तथा सरसफाईमा पहुँच

५. युवाहरूको खेलकुद, सीप तथा उद्यमशिलताको विकास

६. लैंगिक समानता तथा सामाजिक समावेशीकरण

७. हरित, उज्यालो, प्लाष्टिक तथा ध्वनि प्रदुषण मुक्त नगर

८. सडक यातायात पूर्वाधारको दिगो विकास तथा स्तरोन्नती


९. सुशासन तथा सेवा प्रवाहमा प्रभावकारिता ,क्रमश:

# बैशाख १ देखि ७ गतेसम्म घटना दर्ता सप्ताह मनाईने

वीरगञ्ज महानगरपालिकाले व्यक्तिगत 'घटना दर्ता सप्ताह' मनाउन आग्रह गरेको छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको आग्राह अनुसार घटना दर्ता सप्ताह मनाउन लागिएको हो।

'व्यक्तिगत घटना दर्ता गरौं, गराऔं' भन्ने नाराका साथ ०७९ बैशाख १ गतेदेखि ७ गतेसम्म घटना दर्ता

बांकी अन्तिम पेजमा



वीरगञ्ज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# ई-रिक्सा तथा अटोलाई रुट परमिट हस्तान्तरण गर्दै महानगर



वीरगञ्ज महानगरपालिकाले ई(रिक्सा तथा अटोलाई बाटो ईजाजत प्रमाणपत्र (रुट परमिट) हस्तान्तरण गर्न शुरु गरेको छ। महानगरपालिकामा दर्ता भएका ई(रिक्सा तथा अटोलाई दररेट समेत उल्लेख भएको रुट परमिट हस्तान्तरण गरिएको हो।

साना सवारी मध्ये विशेषगरि ई(रिक्सा तथा अटो व्यवस्थापनका लागि रुट परमिट प्रदान गर्न शुरु गरिएको सडक तथा यातायत व्यवस्था शाखा प्रमुख विजय गुप्ताले जानकारी दिए। महानगरमा दर्ता भई सञ्चालनमा आएका ई(रिक्सा तथा अटोहरुको व्यवस्थापनका लागि रुट परमिटको व्यवस्था गरिएको उनी बताउँछन्। त्यसका लागि महाानगरपालिकाले महानगरपालिकाले १० वटा रुट तय गरेको छ। वीरगञ्ज महानगरको दायरामा आएका ईरिक्सा ५ सय २५ वटा छन्। वीरगञ्ज महानगरपालिकाका अधिकृत पवन पवन प्रधानका अनुसार महानगरमा दर्ता भएको अटो( ईरिक्साले बैशाख १५ भित्र रुट परमिट लिईसक्नुपर्ने छ। रुट परमिट नलिई सञ्चालित ई(रिक्सा तथा अटोलाई महानगरपालिकाले कारबाही गर्नेछ। ' पहिलो चरणमा १० वटा रुट निर्धारण गरिएको छ, कुन रुटमा कति ई( रिक्सा तथा अटो आवश्यक पर्छ अध्ययन गर्छौ।उनले भने ' बढी भएको ठाउँमा घटाउने र कम भएको ठाउँमा थप सवारीलाई रुट परमिट दिन्छौं।'

निर्धारण गरिएको रुटमा सवारी संख्या बढी भएको खण्डमा नयाँ रुट निर्धारण गर्ने गरि सडक तथा यातायत व्यवस्था शाखा अघि बढेको उनले जानकारी दिए।





क्याप्सन फोटो : प्रथम मेयर कप इन्डो नेपाल महिला तथा पुरुष क्रिकेट प्रतियोगिताका विजेतालाई शिल्ड तथा मेडल हस्तान्तरण गर्दै नगर प्रमुख विजय कुमार सरावगी, इन्डो कप क्रिकेट प्रतियोगितामा पुरुषतर्फको उपाधी भारतले जितेको छ भने महिलातर्फ बारा कलैयाको टिम विजयी भएको छ । तस्वीर : पिन्टु उपाध्याय

# आगलागीबाट बच्न सावधानी अपनाउन महानगरको आग्रह

सुक्खा मौसममा हावाहुरी चल्ने, घर, पसल, कार्यालय र वनमा आगलागी भई जनधनको ठूलो क्षति हुने गरेको छ । वीरगञ्ज महानगरपालिकाले आगलागी हुन नदिन विशेष सावधानी अपनाउन अनुरोध गरेको छ ।

मुख्यत: चैत, वैशाख र जेठ महिनाका करिब १०० दिन आगलागीका घटना बढी हुने जोखिम बढी हुन्छ । आगलागीका घटना हुन नदिन र भइहालेमा पनि कम क्षतिमा नियन्त्रण गर्नका लागि जनस्तरबाटै सावधानी अपनाउन महानगरपालिकाले आग्रह गरेको छ । आगलागीका घटना नियन्त्रण र क्षति न्यूनीकरणका लागि वीरगञ्ज महानगरपालिका पूर्व तयारी अवस्थामा रहेपनि घटना हुनै नदिन सतर्क रहन महानगरले आग्रह गरेको छ ।

वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगी केही कुराहरूमा ध्यान दिनसके आगलागी नहुने र भइहालेमा पनि कम क्षतिमा नियन्त्रण गर्न सकिने बताउँछन् । महानगरपालिकाले सावधानीका ११ वटा उपायको बारेमा सुझाएको छ ।

आगो उत्पन्न हुने सलाई, लाइटर, ग्याँस सिलिण्डर र चुल्हो बालबालिकाबाट टाढै राखी होसियारीपूर्वक प्रयोग गर्न र काम सकिएपछि सुरक्षितसाथ राख्न अनुरोध गरिएको छ । परिसरले विद्युतजन्य सामग्री (हिटर, गिजर, पङ्खा, आइरन, एसी आदि)लाई काम सकिएपछि बन्द गर्न, एउटा पावर सकेटबाट धेरै पावर चाहिने उपकरण प्रयोग नगर्न, पूजाकोठामा सिन्के र बाटेको धुप, भान्सामा कोइला, लामखुट्टे भगाउन क्वाइल बालेर नछाड्न र आगलागी वा धुवाँ भएको स्थानबाट बाहिर निस्कनुपर्दा घोप्टो परेर अथवा घस्रेर निस्कन अनुरोध गरेको छ । यस्तै ग्याँस सिलिण्डरमा आगो लागेमा जुटको बोरा वा ब्ल्याङ्केटले सिलिण्डरलाई ध्वाप्प छोप्न, ग्यास चुल्हो बाल्नु अगाडि भान्साको झ्याल, ढोका खोली ग्यास लिक भए/नभएको यकिन गरी प्रयोग गर्न, गाईवस्तु चरनका निम्ति राम्रो हुन्छ भनी वनमा डढेलो नलगाउन, वनमा वनभोज गर्दा बालेको आगो र खाएको चुरोटको ठुटा पूर्णरूपमा निभाउन आग्रह गरिएको छ ।

आगलागी भएको जानकारी हुनासाथ प्रहरी कन्ट्रोल १०० र दमकल सेवा १०१ मा जानकारी गराउन महानगरपालिकाले सबैमा आग्रह गरेको छ ।





वीरगञ्ज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वीरगञ्ज ,पसा


## बैशाख१......

सप्ताह मनाउन लागिएको महानगरपालिकाको सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा प्रमुख अधिकृत बुद्धिमाया गुरुङले जानकारी दिईन् ।

महानगरपालिका अर्न्तगतका ३२ वटै वडालाई घटना दर्ता सप्ताह मनाउन पत्राचार गरिसकेको उनको भनाई छ ।

घटना दर्ता सप्ताहमा आफुलाई पायक पर्ने स्थानमा उपस्थित भई व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाईसराई) गरिदिनु हुन सबै नगरवासीहरुमा उनले अनुरोध सेमत गरेकी छन् । घटना दर्ता सप्ताहको बारेमा बढी भन्दा बढी नगरबासीले जानकारी पाउन भनेर लागि परेका छौं । विभिन्न सञ्चारमाध्यमबाट सूचना सन्देश प्रशारण गरिरहेका छौं, नगरभरी माईकिङ पनि हुँदैछ । विद्यार्थीहरुलाई पर्चा वितरण गर्ने लगायत कार्यक्रम छन् ।' उनले भनिन् ' बढी भन्दा बढी घटना दर्ता गराउने लक्ष्य राखेका छौं ।'

## जीर्ण......

सास्ती खेप्नु परेको छ ।

पर्साको वीरगञ्ज देशकै आर्थिक राजधानी हो र वीरगञ्ज(रक्सौल नाका नेपालकै प्रमुख । तर यो प्रमुख नाका र देशको आर्थिक राजधानीको सडक संघ सरकारको वेवास्ताका कारण त्यसलायक छैन ।

नेपाल भारत जोड्ने मुख्य नाका वीरगञ्ज(रक्सौलको मितेरी पुलको नेपाली भाग अर्थात आधा हिस्सादेखिकै सडक जीर्ण छ । पुलमात्रै होइन, पुलदेखि उत्तर शंकराचार्यद्वार, भन्सार कार्यालय हुँदै रजतजयन्ती चोकसम्मको सडक एकदमै जीर्ण छ ।

नेपाल(भारत सीमाको मितेर पुलमा पाल टाँगेर आन्दोलन गर्ने दल पटक(पटक सरकारमा पुगेका छन् । मधेस प्रदेशमा त उनीहरुले नै सरकार चलाए । तर नेपालको प्रवेशद्वारको रुपमा परिचित वीरगञ्ज नाकाको अवस्थामा कुनै सुधार आउन सकेको छैन ।

औद्योगिक कच्चा पदार्थ कोइला जस्ता वस्तु वीरगञ्ज नाका हुँदै भित्रिन्छ । जीर्ण सडक भएकाले टिपर हल्लिएर झर्छ । चिटिक्क परेर रक्सौलमा किनमेल गर्न गएका वा भारतबाट आएका नेपाली वा पाहुना नागरिकको रुप रंग नाकामा आएपछि बिग्रन्छ ।

वीरगञ्जमा तीन वर्षदेखि ई(रिक्सा चलाउँदै आएका मनोज तुराहा मितेरीपुलदेखि रजतजयन्तीसम्म सडकको दुरावस्था देखेर दिक्क लाग्ने बताउँछन् । 'रजत जयन्ती चोकदेखि मितेरी पुलसम्मको सडक एकदमै जीर्ण छ । ई(रिक्सा चलाउनै गाह्रो हुन्छ', उनले भने, 'राज्यलाई कर तिर्छौं, तर पनि यस्तो दुर्दशा हेरेर बस्नु परेको छ ।'

नेपाली मात्र होइन, भारतीय नागरिकसमेत वीरगञ्जका सडकको दुरावस्था देखेर दु:खी छन् । भारत रक्सौलका राजेन्द्र रामलाई वीरगञ्ज आउँदा सडकको स्थिति देखेर नराम्रो लाग्छ । 'भारतको राजस्थान, छत्तिसगढलगायत विभिन्न ठाउँबाट पर्यटक नेपालमा घुम्न आउँछन्', उनले भने, 'तर नाकामा गम्छाले नाक छोपेर हिंड्नुपर्ने अवस्था छ । यसले राम्रो सन्देश जाँदैन ।'

त्रिभुवन राजपथ अन्तर्गत पर्ने भएकाले सडक मर्मतका लागि वीरगञ्ज महानगरपालिकाले खर्च गर्दा धेरै खर्च लाग्छ । त्यो खर्चबाट महानगरका थुप्रै भित्रि सडक बन्छ । वीरगञ्जको सडक विस्तार हुन नसक्दा गण्डकदेखि दक्षिणतर्फ मितेरीपुलसम्म ८ किलोमिटर सडक मर्मतमा सडक विभागले समेत चासो दिइरहेको छैन । खाल्टाखुल्टीसमेत नपुरिएको अवस्था छ । पछिल्लो ६ वर्षदेखि यो सडक मर्मत हुन सकेको छैन । मुख्य मार्गको दुरावस्थाका कारण आवागमनमा सास्ती र दुर्घटनाको जोखिम बढेको स्थानीयबासिन्दा बताउँछन् ।

वीरगञ्जको घण्टाघरदेखि माईस्थान र पावर हाउस चोकको अवस्था पनि जीर्ण छ । 'त्रिभुवन राजपथ अन्तर्गत पर्ने वीरगञ्जको मुख्य सडक विस्तार गर्न खोज्दा अदालतमा मुद्दा परेको छ । अदालतले तोड भन्ने आदेश दियो भने सडक सीमा मिचेर बनाएका संरचना भत्किन्छ', सडक विभागका एक इन्जिनियरले भने, 'हैन भने सोही अनुसार काम अघि बढ्छ ।' एकैपटक ८ किलोमिटर सडक बनाउन ठेक्का लगाउने सोचमा विभाग छ ।

काम थाल्ने बेला टेण्डर नहाल्ने व्यवसायीले मुद्दा हालेपछि'.

महानगरपालिका, जिल्ला प्रशासन लगायत सरोकारवालाको दवावपछि वीरगञ्जको सडक मर्मतका लागि भन्दै व्यापारिक मार्ग विस्तार आयोजना कार्यालयले दुई वटा प्याकेजमा ठेक्का लगाउने गरी ५ पुसमा सूचना निकालेको थियो । ५/५ करोड रुपैयाँको दुई वटा प्याकेजमा साधारण सडक मर्मत गर्ने योजना आयोजना कार्यालयको थियो । अनलाइन आवेदन माग गर्दा दुवै प्याकेजका लागि एउटा/एउटा कम्पनीले मात्रै आवेदन दिए । रजत जयन्ती चोकदेखि मितेरी पुलसम्मको १.३ किलोमिटर सडकका लागि समा कन्सटूक्सन र पावरहाउस चोकदेखि रजतजयन्ती चोकसम्मका लागि सागर/निरीक्ष जेभीले आवेदन दिएका थिए ।

रजत जयन्ती चोकदेखि मितेरीपुलसम्म प्याचिङ र ओभरलेको काम नै गर्ने, १ सय ३७ मिटर मितेरी पुल मर्मत गर्न लागिएको थियो । पावरहाउस चोकदेखि रजतजयन्ती चोकसम्मको खण्डमा घण्टाघरदेखि माईस्थानसम्मको पूर्वी लेन तथा हुलाकी र त्रिभुवन राजपथ जोडिएको ठाउँ पावरहाउस चोकमा प्याचिङ गरेर ओभरले गर्ने काम जिम्मा दिन लागिएको थियो ।

आवेदन दिएका दुवै कम्पनी प्राविधिक मूल्यांकनमा पास भए । ९ फागुनमा कार्यालयले आर्थिक प्रस्ताव माग गर्‍यो । तर टेण्डर खोलिसकेपछि मिलेमतोमा ठेक्का लगाउन लागेको भनेर विकास एण्ड ब्रदर कन्सटूक्सन, विकास झा र विशाल यादवले कार्यालय, सडक विभाग र भौतिक पूर्वाधार मन्त्रालयमा उजुरी गरे । जसले गर्दा निर्माण कम्पनीको प्राविधिक मूल्यांकनको काममा ढिलाइ भयो ।

१० फागुनमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टंगाल र हेटौंडामा उजुरी पर्‍यो । अख्तियारको पत्र आएपछि योजना कार्यालयले ठेक्का प्रक्रियाको कागजात पठायो । १६ फागुनमा आर्थिक प्रस्ताव खोलियो ।

पावरहाउसदेखि रजतजयन्ती चोकसम्मको काम गर्न प्रस्ताव गर्ने ठेकेदार सागर/निरीक्ष जेभीले लागत अनुमान गरिएभन्दा ०.३४ प्रतिशत बढी रकम राखेर प्रस्ताव गरेको भन्दै ठेक्का रद्ध गरियो । अब यो खण्डमा काम लगाउन फेरि टेन्डर प्रक्रिया सुरु गर्नुपर्ने छ ।

समा कन्सटूक्सनले १.३४ प्रतिशत कममा आर्थिक प्रस्ताव हालेको थियो । त्यसैको आधारमा २५ फागुनमा साढे तीन महिनामा काम सक्ने गरी योजना कार्यालयले समासँग सम्झौता पनि गर्‍यो । उसले काम सुरु गर्नका लागि सामान ल्याएर सडक किनारमा थुपारेको छ ।

तर मिलेमतोमा ठेक्का हुन लागेको भन्दै सगरमाथा इन्फ्राटेक प्रालिको तर्फबाट दीपेशमान महर्जनले सर्वोच्च अदालतमा १३ फागुनमा नै मुद्दा दर्ता गरे । पहिलो पेशी १८ फागुनमा राखे पनि हेर्न नभ्याइनेमा परेपछि त्यसको ४ दिनपछि अल्पकालीन अन्तरिम आदेश जारी भयो ।

सर्वोच्चले २९ फागुनमा छलफलका लागि बोलाउँदै ५ पुसमा प्रकाशित सूचनामा काम अघि नबढाउनु भनेर अल्पकालीन अन्तरिम आदेश जारी गरेको जानकारीसहितको पत्र २६ फागुनमा योजना कार्यालयमा आयो । जसले गर्दा निर्माणस्थलमा सामग्री झारेर काम अघि बढाउन खोज्ने निर्माण कम्पनीले पनि काम अघि बढाउन पाएको छैन ।

**'दु:ख दिने नियत'**

ठेक्का प्रक्रियामा सामेल नै नभएका निर्माण कम्पनी र सञ्चालकले दु:ख दिने नियतले उजुरी गरेकाले समस्या भएको योजना कार्यालयका प्रमुख इन्जिनियर मनिषकुमार साह बताउँछन् ।

'ई(बिडिङमार्फत ठेक्का भएको हो । ठेकदार जुनसुकै भए पनि हामीलाई कामसँग सरोकार हुन्छ', उनले भने, 'ठेक्का प्रक्रियामा सामेल नै नहुने अनि उजुरी गर्ने गलत प्रवृत्ति हो । यसमा दु:ख दिने नियत स्पष्ट देखिन्छ ।' बोलपत्र आह्वान भएदेखि खोल्दासम्म चुप लागेर बस्ने अनि सम्झौता प्रक्रिया सुरु भएपछि उजुरी गर्नुको पछाडि गलत नियत रहेको स्पष्ट हुने उनको तर्क छ ।

निर्माण कम्पनी सर्वोच्चको आदेशको पर्खाइमा छ । काम गर्नका लागि सर्वोच्चको आदेश पर्खेर बसेको समा कन्सटूक्सनका सञ्चालक जहुर आलमले बताए ।

'प्लान्ट, इक्युपमेन्ट यतै थियो, नगरको काम हो फटाफट गरौं भनेर आवश्यक समान पनि खसाइसकेको छु', उनले भने, 'व्यक्तिगत रिसईवी साँध्न सर्वोच्चमा मुद्दा दिएर अल्झाइदिए । अब सर्वोच्चको आदेश पर्खेर बसेका छौं ।' काम शुरु गरेको एक महिनामा सक्ने उनको लक्ष्य छ ।